गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल
: ०६१-५३५०९५
: ०६१-५३५०९५

## गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्वन्धी सूचना ।

**सूचना नं. : ०२/२०८१-८२ [तहवृद्धि]** **सूचना प्रकाशन मिति : २०८२/०३/१७**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २८ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलका उल्लेखित सर्तहरु पुरा भएका गण्डकी प्रदेश निजामती सेवाका इच्छुक स्थायी कर्मचारीहरुले मन्त्रालयको वेवसाइट mohp.gandaki.gov.np मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०८२/०३/३२ गतेभित्र यस मन्त्रालयको प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तहवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**(१) गण्डकी प्रदेश निजामती सेवामा [स्वास्थ्य सेवा बाहेक] कार्यरत कर्मचारीको हकमाः**

- अधिकृतस्तर छैटौं, आठौँ र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अविधि पूरा भएको हुनुपर्नेछ ।
- अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदको पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**गण्डकी प्रदेश निजामती सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमाः**

- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २८ को उपदफा ४ बमोजिम संघीय कानून [स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५] बमोजिमको सेवा, शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।
- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिमको स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न गर्नुपर्ने ।
- दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०९५

**गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्वन्धी सूचना।**

- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचीमा नपरेको हुनुपर्नेछ।
- स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची – ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको कार्यालय प्रमुखबाट प्रमाणित सिफारिस पत्र। ***(साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु:- कामकाज गर्न खटाइएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ)**** 
- साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएका कर्मचारीहरुले मात्र दरखास्त पेश गर्नुपर्नेछ।

**(२) गण्डकी प्रदेश निजामती सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनु पर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण :**

- आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
- शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।
- तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपि।
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापनाको प्रमाणित प्रतिलिपि।
- कर्मचारीको वैयक्तिक विवरण [PIS]।

**पुनश्चः**

- सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति भई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ।
- यसभन्दा अघि प्रकाशित सूचना बमोजिम दरखास्त पेश गरेका तर तहवृद्धि नभएका कर्मचारीहरुले उल्लेखित सेवा शर्त पुरा भएमा मात्र पुनः दरखास्त पेश गर्नुपर्ने।

** अनिवार्य रुपमा पेश गर्नु पर्ने।*